# प्रदेश राजपत्र

कोशी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड १०) विराटनगर, नेपाल, जेष्ठ २६ गते, २०८३ साल (अतिरिक्ताङ्क ११

## भाग २

कोशी प्रदेश सरकार

विराटनगर, नेपाल

## आर्थिक मामिला तथा योजना मन्त्रालयको सूचना

## बहुवर्षीय आयोजनाको स्रोत सहमति सम्बन्धी मापदण्ड, २०८३

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ६६ ले दिएको अधिकार प्रयोग गरी कोशी प्रदेश सरकारले यो मापदण्ड बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस मापदण्डको नाम "**बहुवर्षीय आयोजनाको स्रोत सहमति सम्बन्धी मापदण्ड, २०८३**" रहेको छ।

(२) यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

(क) **"आयोग"** भन्नाले प्रदेश योजना आयोग, कोशी प्रदेशलाई सम्झनु पर्छ।

(ख) **"आयोजना"** भन्नाले निश्चित उद्देश्य लक्ष्य र परिणामका लागि कार्यान्वयन गरिने समयसीमा र बजेट लागत खुलाइएको, पूर्वतयारी सम्पन्न भएका, कार्यसम्पन्न भए पछि सार्वजनिक सम्पत्तिमा वृद्धि वा रुपान्तरण हुने पूर्वाधार, आर्थिक, सामाजिक, सांस्कृतिक, वातावरणीय वा अन्य विकाससँग सम्बन्धित कार्य वा क्रियाकलापको समूहलाई सम्झनु पर्छ।

(ग) **"आयोजना बैङ्क सूचना प्रणाली"** भन्नाले आयोजना बैङ्क व्यवस्थापनको लागि आयोगले स्थापना तथा सञ्चालन गरेको



आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

आयोजना बैङ्क सूचना प्रणालीलाई सम्झनु पर्छ।

(घ) **"प्रदेश गौरवको आयोजना"** भन्नाले प्रदेश सरकारले प्रदेश गौरवको आयोजनाको रूपमा तोकेको आयोजना सम्झनु पर्छ।

(ङ) **"बहुवर्षीय आयोजना"** भन्नाले प्रदेश गौरवका आयोजनाको हकमा आयोजनाको अवधिभर र अन्य आयोजनाको हकमा एक आर्थिक वर्षभन्दा बढी अवधिका आयोजना सम्झनु पर्छ।

(च) **"मन्त्रालय"** भन्नाले आर्थिक मामिला तथा योजना मन्त्रालय सम्झनु पर्छ।

(छ) **"अन्य निकाय"** भन्नाले बहुवर्षीय आयोजनाको व्यवस्थापन गर्ने कोशी प्रदेश सरकारको विषयगत मन्त्रालय वा अन्य निकाय सम्झनु पर्छ।

(ज) **"लेखा उत्तरदायी अधिकृत"** भन्नाले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा २ को खण्ड (य) बमोजिमको जिम्मेवारीमा रहेको प्रशासकीय प्रमुखको रुपमा कार्यरत प्रदेश सचिव सम्झनु पर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

(झ) **"स्रोत सहमति"** भन्नाले आयोजनाको औचित्य, त्रिवर्षीय बजेट, स्रोत उपलब्धता, खर्चको आवश्यकता र मध्यमकालीन खर्च संरचना समेतको आधारमा बहुवर्षीय आयोजना कार्यान्वयन गर्न मन्त्रालयले उपलब्ध गराएको स्रोत सहमति सम्झनु पर्छ।

३. **प्रस्ताव पेस गर्नुपर्नेः** (१) बहुवर्षीय आयोजनाको स्रोत सहमतिको लागि अन्य निकायले आवश्यकता, औचित्य र विनियोजित बजेट तथा स्रोत अनुमान समेतका आधारमा देहायका कागजात तथा विवरण संलग्न गरी आयोगमा प्रस्ताव पेस गर्नु पर्नेछः-

(क) आयोजनाको बहुवर्षीय खरिदको स्रोत सहमति सम्बन्धमा लेखा उत्तरदायी अधिकृतबाट प्रमाणित भएको अनुसूची-१ बमोजिमको फाराम,

(ख) बहुवर्षीय आयोजनाको स्रोत सहमति माग गर्दा आवश्यक आधार पूरा गरेको लेखा उत्तरदायी अधिकृतबाट प्रमाणित भएको अनुसूची-२ बमोजिमको चेकलिष्ट,

(ग) अनुसूची-३ बमोजिमको विवरण,

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

(घ) आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट भई आयोगबाट स्वीकृत भएको विवरण,

(ङ) प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (पी.एल.एम.बी.आई.एस.) मा प्रविष्ट भएको विवरण,

(च) डिजाइन र निर्माण खरिद सम्झौता (डिजाइन एण्ड बिल्ट मोड अफ कन्ट्र्याक्ट) बाहेक अन्य खरिदको हकमा स्वीकृत आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन, प्रारम्भिक वातावरणीय परीक्षण वा संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन,

तर वातावरणीय प्रभाव मूल्याङ्कन, प्रारम्भिक वातावरणीय परीक्षण वा संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन नभएको भए खरिद प्रक्रिया शुरु गर्दाका बखत वातावरणीय अध्ययन गराउने गरी स्रोत सहमति दिन बाधा पर्ने छैन।

(छ) अन्य निकायबाट स्वीकृत विस्तृत आयोजना प्रतिवेदन वा विस्तृत इन्जिनियरिङ्ग प्रतिवेदन,

(ज) अन्य निकायबाट स्वीकृत वार्षिक खरिद गुरुयोजना वा आयोजना, कार्यान्वयन

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

कार्ययोजना र अनुगमन तथा मूल्याङ्कन योजना।

(२)उपदफा (१) बमोजिम अन्य निकायले बहुवर्षीय आयोजनाको प्रस्ताव पेस गर्दा आयोजना बैङ्क र मध्यमकालीन खर्च संरचनामा समावेश भएको तथा कुल लागत अनुमान न्यूनतम तीन करोड रुपैयाँ देखि हिमाली र पहाडी जिल्लाको हकमा बढीमा तिस करोड रुपैयाँसम्म तथा तराईका जिल्लाको हकमा बढीमा पच्चिस करोड रुपैयाँसम्मको आयोजना पेस गर्नु पर्नेछ।

(३) अन्य निकायले स्रोत सहमति प्रस्ताव गर्दा उपदफा (२) बमोजिम आयोजनाको कुल अनुमानित लागतको न्यूनतम दश प्रतिशत रकम विनियोजन गरेको हुनु पर्नेछ।

(४) मोटरेवल पुल, झोलुङ्गे पुल निर्माण सम्बन्धी आयोजना, विपद् वा महामारी व्यवस्थापन तथा विपद् पछिको पुनःनिर्माण सम्बन्धी कार्यमा उपदफा (२) बमोजिमको न्यूनतम लागत अनुमान सीमा र उपदफा (३) बमोजिमको सीमा लागू हुने छैन।

४. **<u>स्रोत सहमति सम्बन्धी व्यवस्थाः</u>** (१) दफा ३ बमोजिम प्राप्त प्रस्तावको मूल्याङ्कन गरी आयोगले बहुवर्षीय आयोजनाको स्रोत सहमति प्रदान गर्न मन्त्रालयमा सिफारिस गर्नु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय कर्णाली प्रदेश

(२) उपदफा (१) बमोजिम प्राप्त आयोजनाको मध्यमकालीन खर्च संरचना, मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्ट त्रिवर्षीय बजेट प्रक्षेपण, चालू आर्थिक वर्षको बजेट र स्रोतको अवस्था समेतको आधारमा मन्त्रालयले स्रोत सहमति सम्बन्धी निर्णय गरी सोको जानकारी सम्बन्धित अन्य निकाय र आयोगलाई दिनु पर्नेछ।

(३) नयाँ आयोजनामा स्रोत सहमति माग गर्दा विगत आर्थिक वर्षमा स्रोत सहमति प्राप्त भइसकेका आयोजनाको लागि आवश्यक हुने बजेट छुट्याई बाँकी रहन सक्ने बजेटका आधारमा उच्च प्राथमिकतामा रहेको आयोजनामा स्रोत सहमति माग गर्नु पर्नेछ।

(४) यस मापदण्डको अधीनमा रही प्रदान गरिएको स्रोत सहमतिको अवधि बढीमा तीन आर्थिक वर्षको हुनेछ।

तर प्रदेश गौरवका आयोजनाको ठेक्का अवधि तीन आर्थिक वर्षभन्दा बढी हुने भएमा सोही बमोजिम हुनेछ।

(५) मन्त्रालयबाट आयोजना वा कार्यक्रम कार्यान्वयनको लागि स्रोत सहमति प्राप्त भएको छ महिनाभित्र खरिद प्रक्रिया अगाडि नबढाएमा त्यस्तो स्रोत सहमति स्वतः निष्क्रिय हुनेछ।

(६) उपदफा (५) बमोजिम स्रोत सहमति निष्क्रिय भए पछि खरिद प्रक्रिया अघि बढाएमा स्रोत सहमति प्राप्त गर्ने अन्य निकायको लेखा उत्तरदायी अधिकृत जिम्मेवार हुनेछ।



आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

५. **<u>स्रोत सहमति प्रदान गर्न बाधा नपर्ने:</u>** (१) यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नागरिक सरोकार तथा सेवा प्रवाहको दृष्टिकोणले अति आवश्यक वा संवेदनशील सालबसाली आयोजना वा कार्यक्रमका लागि वहुवर्षीय खरिदको सहमति माग भएकोमा दफा ३ बमोजिमका कागजात तथा विवरण आवश्यक नपर्ने भनी लेखा उत्तरदायी अधिकृतले कुल लागत र वार्षिक मागको पूर्वानुमान सहितको विवरण यकिन गरी सिफारिस गरेमा स्रोत सहमति दिन बाधा पर्ने छैन।

(२) सङ्घीय सरकारबाट वित्तीय हस्तान्तरण मार्फत् प्राप्त समपूरक र विशेष अनुदानका आयोजना कार्यान्वयन गर्न बहुवर्षीय स्रोत सहमति आवश्यक पर्ने छैन।

तर त्यस्ता आयोजनाका लागि प्रदेश सरकारको दायित्व बमोजिमको बजेट अनिवार्य विनियोजन गर्नु पर्नेछ।

६. **<u>कार्यान्वयन गर्ने जिम्मेवारी:</u>** (१) दफा ४ बमोजिम स्रोत सहमति प्राप्त भएका आयोजनाको कार्यान्वयन गर्ने जिम्मेवारी सम्बन्धित अन्य निकायको हुनेछ।

(२) उपदफा (१) बमोजिमका आयोजनाको लागि अन्य निकायले आगामी आर्थिक वर्षको लागि आफ्नो बजेट सीमाबाट पर्याप्त बजेट प्रस्ताव गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम नभएमा मन्त्रालयले मध्यमकालीन खर्च संरचना बमोजिम प्रदेश मन्त्रालयगत

बजेट सूचना प्रणालीमा इयरमार्क अनुसार बजेट प्रस्ताव गर्नु पर्नेछ।

(४) स्रोत सहमति प्राप्त आयोजनाको विवरण मन्त्रालयले प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा अद्यावधिक गर्नु पर्नेछ।

(५) यस मापदण्ड बमोजिम स्रोत सहमति प्रदान गरिएका बहुवर्षीय आयोजनाको अनुगमन तथा मूल्याङ्कन मन्त्रालय, आयोग र सम्बन्धित अन्य निकायले गर्नु पर्नेछ।

७. **स्पष्ट गर्न सक्नेः** यस मापदण्डमा उल्लेख गरिएको विषयमा कुनै द्विविधा भएमा मन्त्रालयले आवश्यक व्याख्या गरी स्पष्ट गर्न सक्नेछ।

८. **स्रोत सहमति स्थगन वा खारेज गर्न सकिनेः** प्रदेश सरकारलाई प्राप्त हुने राजस्व बाँडफाँट बापतको रकम, वित्तीय समानीकरण अनुदान र आन्तरिक राजस्व प्राप्ति लक्ष्यभन्दा कम भई स्रोत व्यवस्थापनमा समस्या भएमा मन्त्रालयले ठेक्का वा खरिद सम्झौता भई सकेका आयोजना बाहेक अन्य आयोजना कार्यान्वयनका लागि स्वीकृत गरिएको स्रोत सहमति जुनसुकै बखत स्थगन वा खारेज गर्न सक्नेछ।

९. **अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्नेः** यस मापदण्डको अनुसूचीमा कुनै हेरफेर वा थपघट गर्नु पर्ने भएमा मन्त्रालयले हेरफेर वा थपघट गर्न सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

१०. **खारेजी र बचाउः** (१) "आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८१" खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिम "आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८१" बमोजिम भए गरेका कामकारबाही यसै मापदण्ड बमोजिम भए गरेको मानिनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

अनुसूची -१

(दफा ३ को उपदफा (१) को खण्ड (क) सँग सम्बन्धित)

कोशी प्रदेश सरकार

...................... मन्त्रालय

**बहुवर्षीय आयोजनाको स्रोत सहमति माग प्रस्ताव फाराम**

**खण्ड (क) आयोजनाको आधारभूत विवरणः**

१. आयोजनाको नामः

नेपालीमाः अङ्ग्रेजीमाः

२. आयोजनाको लक्ष्यः

३. आयोजनाको उद्देश्यः

४. आयोजनाको प्रतिफलः

५. आयोजनाको किसिमः

सेवा प्रधानः अनुसन्धान प्रधानः उत्पादन प्रधानः

निर्माण प्रधानः सुशासन प्रधानः

६. आयोजना कार्यान्वयन हुने क्षेत्र र छनौट गर्दा अपनाइएका आधारः

(क) कार्यान्वयन हुने क्षेत्रः जिल्लाः निर्वाचन क्षेत्रः

प्रदेशः न.पा./गा.पा.

(ख) छनौटका आधारहरूः

७. आयोजनाको कुल लागतः

८. आयोजनाको अवधि (प्रस्तावित जम्मा वर्ष)

(क) शूरु हुने मितिः (ख) सम्पन्न हुने मितिः

९. आयोजना कार्यान्वयन गर्ने निकायः

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

## खण्ड (ख) आयोजनाको वित्तीय विवरण

१०. आयोजनाको कुल लागत र सोको स्रोत विवरण (रु. हजारमा)

| स्रोतको विवरण | भुक्तानी प्रकार | स्रोत | |
|---|---|---|---|
| | | कोशी प्रदेश सरकार | सङ्घीय सरकार |
| प्रदेश स्रोत | | | |
| समानीकरण अनुदान | | | |
| आन्तरिक ऋण | | | |
| कुल जम्मा | | | |

११. आयोजनाको कुल रकमको अनुमानित वार्षिक बाँडफाँट (रु. हजारमा)

| आर्थिक वर्ष | बाँडफाँट |
|---|---|
| | |
| | |

१२. अन्य निकायबाट स्वीकृत आयोजना प्रतिवेदन वा विस्तृत इन्जिनियरिङ डिजाइनको संक्षिप्त विवरणः

१३. आयोजनाको सम्भाव्यता अध्ययनः

(क) आर्थिक र प्राविधिक सम्भाव्यता अध्ययन भएको छ, छैन? नभएको भए हुनु नपर्ने कारणः

(ख) आर्थिक र प्राविधिक सम्भाव्यता अध्ययन भएको वर्षः

(ग) आर्थिक र प्राविधिक सम्भाव्यता अध्ययनको निष्कर्षः

आन्तरिक मामिला तथा कानुन मन्त्रालय कोशी प्रदेश

१४. आयोजनाको आर्थिक तथा वित्तीय विश्लेषणः

(क) लागत फिर्ता अवधि (Payback Period)

(ख) लाभ-लागत अनुपात ( Benefit cost Ratio)

(ग) वित्तीय प्रतिफल दर (Financial Internal Rate of Return- FIRR)

(घ) आर्थिक प्रतिफल दर (Economic Internal Rate of Return- EIRR)

(ङ) खुद वर्तमान मुल्य (Net Present Value- NPV)

(च) लागत प्रभावकारिता अध्ययन (Cost Effectiveness Analysis)

(छ) सम्भाव्यता अध्ययन गर्ने निकाय

१५. वातावरणीय अध्ययनको संक्षित विवरण (नभएको भए कारण उल्लेख गर्ने):

१६. आयोजना कार्यान्वयनबाट हुने लाभ र लाभको प्रकृतिः

(क) लाभान्वित हुने अनुमानित जनसंख्याः

| महिला | बालबालिका | आदिवासी जनजाति | दलित | मधेशी | मुस्लिम | अन्य |
|---|---|---|---|---|---|---|
| | | | | | | |

(ख) रोजगारी सिर्जना संख्या (अनुमानित) (श्रम दिन) :

## खण्ड (ग) प्रशासनिक तथा व्यवस्थापकीय विवरण

१७. आयोजना कार्यान्वयनमा आवश्यक पर्ने जनशक्ति व्यवस्थाः

(क) भइरहेको जनशक्तिबाट हुनेः

(ख) आवश्यक थप जनशक्तिको विवरणः

१८. आयोजनाको लागि जग्गा प्राप्तिको अवस्थाः

(क) आवश्यक जग्गाः

(ख) जग्गा प्राप्त भएको/नभएकोः

१९. आयोजनाको अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्थाः

(क) अनुगमन तथा मूल्याङ्कनको लागि छुट्याइएको रकमः

(ख) आयोजनाको प्रतिफल र प्रभाव हेर्ने सूचक विवरणः

**खण्ड (घ) आयोजनाको अवधि थप गर्नुपर्ने भएमाः**

२०. आयोजनाको अवधि थप गर्नु पर्नाको कारणः

(क)

(ख)

२१. मध्यमकालीन खर्च संरचना (Medium Term Expenditure Framework- MTEF) अनुरुप आयोजनाको प्राथमिकताक्रमः

(क) पहिलो प्राथमिकता

(ख) दोस्रो प्राथमिकता

२२. आयोजनाको दिगोपना र सम्पन्न भएपछि सञ्चालन (Phase-out Plan) सम्बन्धी व्यवस्थाः

....................................

प्रमाणित गर्ने

प्रदेश सचिव

मन्त्रालय

आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश

अनुसूची-२

(दफा ३ को उपदफा (१) को खण्ड (ख) सँग सम्बन्धित)

कोशी प्रदेश सरकार

........................ मन्त्रलाय

**स्रोत सहमति माग गर्दा आवश्यक पर्ने चेकलिष्ट**

| क. सं | विवरण | भएको | नभएको | कैफियत |
|---|---|---|---|---|
| १ | प्रदेश सरकारले प्रदेश गौरवको आयोजनाको रुपमा स्वीकृत गरेका आयोजना, | | | |
| २ | प्राथमिकता निर्धारण सम्बन्धमा **आयोजनाको वर्गीकरण, आधार तथा मापदण्ड निर्धारण र आयोजना बैङ्क व्यवस्थापन कार्यविधि, २०८२** को अनुसूची-३ मा व्यवस्था भए अनुसार आयोजना वा कार्यक्रमको | | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

| | | | | |
|---|---|---|---|---|
| | प्राथमिकताक्रम गणना गर्ने तालिका बमोजिम प्राथमिकीकरण गरिएको, | | | |
| ३ | प्रदेश आयोजना बैङ्कमा समावेश भएका र कुल लागत अनुमान तीन करोड रुपैयाँ देखि हिमाली र पहाडी जिल्लाको हकमा बढीमा तिस करोड रुपैयाँसम्म तथा तराईका जिल्लाको हकमा बढीमा पच्चिस करोड रुपैयाँ सम्मको आयोजना, | | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

| | | | | |
|---|---|---|---|---|
| ४ | स्रोत सहमति प्रस्ताव गर्दा आयोजनाको कुल अनुमानित लागतको न्यूनतम दश प्रतिशत रकम विनियोजन भएको हुनु पर्नेछ, | | | |
| ५ | बहुवर्षीय खरिदमा जाने आयोजनाको खरिदको समय एक आर्थिक वर्षभन्दा बढी भएको, | | | |
| ६ | सम्बन्धित मन्त्रालयबाट वा निकायबाट विस्तृत आयोजना प्रतिवेदन वा विस्तृत इन्जिनियरिङ डिजाइन स्वीकृत भई प्रदेश आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणालीमा सम्पूर्ण | | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

| | | | | |
|---|---|---|---|---|
| | विवरणहरू प्रविष्ट गरी स्वीकृत भएको, | | | |
| ७ | डिजाइन र निर्माण ठेक्का सम्झौता (डिजाइन एण्ड बिल्ट मोड अफ कन्ट्रायाक्ट) बाहेक अन्य आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन / प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन वा संक्षिप्त वातावरणीय प्रतिवेदनको कार्य सम्पन्न भएको, | | | |
| ८ | वातावरणीय प्रभाव मूल्याङ्कन, प्रारम्भिक वातावरणीय परीक्षण वा संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन नभएको भए खरिद प्रक्रिया शुरु गर्दाका बखत | | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

| | | | | |
|---|---|---|---|---|
| | वातावरणीय अध्ययन गराउने प्रतिबद्धता भएको, | | | |
| ९ | आयोजनाको लागि जग्गा प्राप्तिको सुनिश्चितता भएको, | | | |
| १० | मध्यमकालीन खर्च संरचनामा उल्लेख भएको, | | | |
| ११ | खरिद गुरुयोजना, कार्यान्वयन कार्ययोजना, अनुगमन तथा मूल्याङ्कन योजना, वार्षिक खरिद योजना तयार भएको, | | | |
| १२ | प्रदेश सरकासँगको सहलगानीमा सञ्चालन हुने आयोजना भए साझेदारीको प्रकृति र लाभ लागत अनुपात उपयुक्त भएको र सहलनागीको | | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

| | | | | |
|---|---|---|---|---|
| | प्रतिबद्धता प्राप्त भएको, | | | |
| १३ | प्रदेशस्तरीय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, २०८० ले निर्धारण गरे बमोजिम अनुगमन तथा मूल्याङ्कन व्यवस्था सुनिश्चित भएको । | | | |

| **<u>तयार गर्ने:</u>** | **<u>पेस गर्ने:</u>** | **<u>स्वीकृत गर्ने:</u>** |
|---|---|---|
| | | लेखा उत्तरदायी अधिकृत) |
| दस्तखतः | दस्तखतः | दस्तखतः |
| नाम, थरः | नाम,थरः | नाम, थरः |
| पदः | पदः | पदः |
| मितिः | मितिः | मितिः |

आन्तरिक ...त्रालय कोशी प्रदेश

अनुसूची-३

(दफा ३ को उपदफा (१) को खण्ड (ग) सँग सम्बन्धित)

कोशी प्रदेश सरकार

........................ मन्त्रालय

## लेखा उत्तरदायी अधिकृतबाट प्रमाणित गर्नुपर्ने विवरण

कार्यक्रम आयोजनाको नामः

ब.उ.शी.नं.

१. ब.उ.शी.नं.मा उल्लिखित कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण एवं प्राथमिकीकरण तथा संकेतीकरण

| दोस्रो योजनाको विषय क्षेत्र | उद्देश्य | आयोजनाको अवधि (सुरु समाप्ति) | लागत (रु. हजारमा) | हालसम्मको प्रगति स्थिति | आगामी तीन वर्षको उपलब्धी सूचक | आगामी आर्थिक वर्षमा सञ्चालन हुने प्रमुख क्रियाकलाप | समन्वयात्मक अतिरिक्त लाभ | योजनाको रणनीतिक स्तम्भ | प्राथमिकता क्रम | दिगो विकास | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | |

२. त्रिवर्षीय खर्चको अनुमान तथा प्रक्षेपणः

| उप-आयोजना/उप-कार्यक्रम/खण्ड/उपखण्ड | ............को विनियोजन (रु. लाखमा) | | | | को .......... खर्च प्रक्षेपण (रु. लाखमा) | | | | को .......... खर्च प्रक्षेपण (रु. लाखमा) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था |
| ............ | | | | | | | | | | | | |
| ............ | | | | | | | | | | | | |
| ............ | | | | | | | | | | | | |
| **कुल जम्मा** | | | | | | | | | | | | |
| मध्यम कालीन खर्च संरचना मा ब.उ.शी. नं. मा उल्लिखित रकम | | | | | | | | | | | | |

उप-आयोजना/उप-कार्यक्रम/खण्ड/उपखण्डको कुल जम्मा रकम प्रदेश योजना आयोगले प्रकाशन गरेको मध्यमकालीन खर्च संरचनामा उल्लिखित रकमभन्दा बढी हुने छैन।

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

३. त्रिवर्षीय स्रोतको अनुमान तथा प्रक्षेपणः

| उप-आयोजना/उप-कार्यक्रम/खण्ड/उपखण्ड | ..............को स्रोत अनुमान (रु. लाखमा) | | | | को ........... स्रोत प्रक्षेपण (रु. लाखमा) | | | | को ........... स्रोत प्रक्षेपण (रु. लाखमा) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कुल | प्रदेश स्रोत | समानीकरण अनुदान | ऋण | कुल | प्रदेश स्रोत | समानीकरण अनुदान | ऋण | कुल | प्रदेश स्रोत | समानीकरण अनुदान | ऋण |
| ............ | | | | | | | | | | | | |
| ............ | | | | | | | | | | | | |
| ............ | | | | | | | | | | | | |
| **कुल जम्मा** | | | | | | | | | | | | |
| मध्यम कालीन खर्च संरचना मा ब.उ.शी. नं. मा उल्लिखित रकम | | | | | | | | | | | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

उप-आयोजना/उप-कार्यक्रम/खण्ड/उपखण्डको कुल जम्मा रकम प्रदेश योजना आयोगले प्रकाशन गरेको मध्यमकालीन खर्च संरचनामा उल्लिखित रकमभन्दा बढी हुने छैन ।

| | | |
|---|---|---|
| **<u>तयार गर्नेः</u>** | **<u>पेस गर्नेः</u>** | **<u>स्वीकृत गर्नेः</u>** |
| | | (लेखा उत्तरदायी अधिकृत) |
| दस्तखतः | दस्तखतः | दस्तखतः |
| नाम थरः | नाम थरः | नाम थरः |
| पदः | पदः | पदः |

स्वीकृत मितिः- २०८३/०२/२६

आज्ञाले,<br>कोश हरी निरौला<br>प्रदेश सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रा



प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश, विराटनगरमा मुद्रित।
**website:- moial.koshi.gov.np**